## लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७६।०१।१९

नेपाल विद्युत प्राधिकरण भैरहवा वितरण केन्द्र भैरहवामा रहेका पुराना काम नलाग्ने सामान तथा कपर र आल्मुनियमको स्काप तारहरु जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक फर्म/कम्पनी/व्यक्ति बाट बोलपत्र आहवान गरिएको छ।

शर्तहरु

१ बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले एक्काइसौं दिन सम्म दिनको ३:०० बजे सम्म ने.वि.प्रा. भैरहवा वितरण केन्द्रको काउण्टरमा रु. १५०० (एक हजार पाँच सय) जम्मा गरि सो को सक्कल रसिद बोलपत्र खरिद गर्ने फर्म/कम्पनी दर्ता, कर दर्ता प्रमाणपत्र र हाल सम्मको नविकरण/कर चुक्ता प्रमाण पत्रको नोटरी पव्लिकद्धारा प्रमाणित प्रतिलिपि तथा व्यक्तिको हकमा पान नं र नागरिकता प्रमाण पत्रको नोटरी पव्लिकद्धारा प्रमाणित प्रतिलिपि सहित ने.वि.प्रा. भैरहवा वितरण केन्द्र, भैरहवामा आवेदन दिई बोलपत्र कागजात खरिद गर्नु पर्नेछ।

२. सूचना प्रकाशित भएको मितिले बाइसौ दिन दिनको १२:०० बजे सम्ममा बोलपत्र दर्ता गरि सक्नु पर्नेछ। बोलपत्र सोही दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा (प्रतिनिधि उपस्थित नभएपनि खोल्न बाधा नपर्ने) खोलिनेछ। बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने मितिमा विदा पर्न गएमा सो को भोलि पल्ट कार्यालय खुलेको दिन खरिद तथा सो को भोलिपल्ट दर्ता गरिनेछ।

३. बोलपत्रमा आफूले कवोल गरेको रकमको १०(दस) प्रतिशत बराबरको नगद भैरहवा वितरण केन्द्रको कृषि बिकास बैक लिमिटेड भैरहवामा रहेको खाता नं.०४१४६०१०१८३३००११ मा जम्मा गरी सो को सक्कल भौचर वा नेपाल स्थित 'क' श्रेणीको वाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ९० (नव्वे) दिन म्याद भएको विना शर्तको बैक जमानत पत्र समावेश हुनुपर्नेछ।

४. सामानहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिनुपर्नेछ। लिलाम हुने पुराना सामानमा कर लाग्ने भएमा नियमानुसार लाग्ने सम्पूर्ण कर सम्वन्धित बोलपत्रदाताले तिर्नु बुझाउनु पर्नेछ।

५. प्रस्तुत लिलामी सामानहरुको न्युनतम मूल्याकंन रकम मु.अ.कर सहित रु. १,०६,०२,४३७४४ (अक्षेरुपी एक करोड छ लाख दुई हजार चार सय सैतीस र पैसा चौवालिस मात्र )रहेको छ। न्युनतम मूल्याकंन रकम भन्दा सवै भन्दा बढी मूल्य कवोल गर्नेको वोलपत्र स्वीकृत गरिनेछ।

६. लिलामीमा रहेका सामानहरु भैरहवा वितरण केन्द्रमा आई हेर्न सकिनेछ। अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको फोन नं. ०७१ ५२४२४८ मा सम्पर्क गर्न सकिनेछ।

नेपाल विद्युत प्राधिकरण
भैरहवा वितरण केन्द
भैरहवा